# महालेखापरीक्षकको त्रिसट्ठिऔं वार्षिक प्रतिवेदन सम्बन्धमा प्रेस नोट

नेपालको संविधानको धारा २४१ बमोजिम महालेखापरीक्षकलाई सुम्पिएको काम, कर्तव्य सम्पादन गरी संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपतिज्यू समक्ष माननीय महालेखापरीक्षकज्यूबाट बासट्ठिऔं वार्षिक प्रतिवेदन(आर्थिक वर्ष २०८१/८२) आज मिति २०८३।२।०१ गते ११:३० बजे पेश भइसकेको छ । सो सन्दर्भमा यस प्रतिवेदनमा समावेश भएका मुख्य बेहोराहरू सञ्चारकर्मीहरूलाई संक्षिप्त रूपमा जानकारी गराउन यहाँ उपस्थित भएका छौं । कार्यालयको वेबसाइट www.oag.gov.np मा ६३ औं वार्षिक प्रतिवेदनको सारांश प्रकाशन गरी सकिएको छ ।

- आर्थिक वर्ष २०८१।८२ को कारोबारको लेखापरीक्षणलाई व्यवस्थित र गुणस्तरीय बनाउन जोखिममा आधारित रही स्वीकृत गरिएको वार्षिक लेखापरीक्षण योजना, २०८२ बमोजिम लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रथम चरण अन्तर्गत २०८२ श्रावणको तेस्रो हप्तादेखि संयुक्त लेखापरीक्षण शुरू गरी दोस्रो र तेस्रो चरणमा विभागगत तथा विशिष्टिकृत लेखापरीक्षण टोलीबाट लेखापरीक्षण कार्य सम्पादन गरिएको थियो ।
- नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ र अन्य प्रचलित कानुनको अधीनमा रही अन्तर्राष्ट्रिय असल अभ्यास बमोजिम स्वीकृत नेपाल लेखापरीक्षणमान अनुसार यस अवधिमा ५ हजार ५२६ निकाय/कार्यालयको लेखापरीक्षण सम्पन्न भएको छ । सो मध्ये ४ हजार ६७५ (गत वर्ष ५७५९ कार्यालयमध्ये ३ हजार ७०२ कार्यालय) कार्यालयको विस्तृत लेखापरीक्षण विधिबाट लेखापरीक्षण गरिएको छ ।
- यस अवधिमा कार्यालयको जनशक्ति र कानुन बमोजिम प्रमाणपत्र प्राप्त पेशागत लेखापरीक्षकहरु नियुक्त गरी ३८ वटा पूर्ण सरकारी स्वामित्व भएका सङ्गठित संस्थाको ४७ आर्थिक वर्षको र सङ्घीय कानुनद्वारा तोकिएका ६ संस्थाको ७ आर्थिक वर्षको लेखापरीक्षण भएको छ ।
- नेपालको संविधान र लेखापरीक्षण ऐन २०७५ को प्रावधान अनुरूप परामर्श उपलब्ध गराइ नियुक्त लेखापरीक्षकबाट ४० वटा अधिकांश सरकारी स्वामित्व भएका सङ्गठित संस्थाहरुको ४६ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गरी पेश भएको लेखापरीक्षण प्रतिवेदनका बेहोरा सम्बन्धमा सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिइएको छ।
- यस प्रतिवेदन तयार गर्न कार्यालयबाट ३ चरणमा लेखापरीक्षणको लागि खटिएको टोलीबाट प्राप्त बेहोरा, सार्वजनिक लेखा समितिबाट प्राप्त सुझाव, तीनै तहका सरकारका पदाधिकारीहरूसँगको छलफल तथा अन्तरक्रिया र समकक्षी पुनरावलोकन प्रतिवेदनले दिएको सुझावलाई मध्यनजर गरिएको छ ।

## प्रतिवेदनमा समावेश प्रमुख विषयवस्तुहरू

- **समष्टिगत लेखापरीक्षण**

| लेखापरीक्षण गरिएका निकाय र विषय | सङ्ख्या | (रु. करोडमा) |
|---|---|---|
| (क) **वित्तीय लेखापरीक्षण** | | |
| १. सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता २ समेत) | ३०५० | २९१७९५ |
| २. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता २ समेत) | ११२४ | ३२०३० |
| ३. स्थानीय तह | ७२१ | ११०९५२ |
| ४. समिति र अन्य संस्था (प्रदेशतर्फको १३३ समेत) | ५७७ | ४४७७७ |
| ५. सङ्गठित र सङ्घीय कानुनद्वारा तोकिएका संस्था | ५४ | ४६८८९६ |
| जम्मा | ५५२६ | ९४८४५० |
| (ख) **कार्यमूलक तथा विविध विषय** | | |
| १. कार्यमूलक लेखापरीक्षण | १५ | - |
| २. वातावरणीय लेखापरीक्षण | १ | - |
| ३. विशेष लेखापरीक्षण | १ | - |

९. **सार्क र बिमस्टेकको लेखापरीक्षण** - नेपाल सरकार ,परराष्ट्र मन्त्रालयको अनुरोधमा दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन श्रीलङ्का र पाकिस्तानमा रहेका क्षेत्रीय ,बंगलादेश ,को सचिवालय तथा यसअन्तर्गतका नेपाल (सार्क) केन्द्रहरूको सन् २०२४।२५ को लेखापरीक्षण गर्न र बिमस्टेकको सचिवालयको सन् २०१६।१७ को लेखापरीक्षण गर्न म्यानमार र श्रीलंकासहितको संयुक्त टोलीमा यस वर्ष कार्यालयका कर्मचारी खटाइएको थियो।

१०. **लेखापरीक्षण** - मुलुकमा २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन र घटनाका कारण १७९ निकाय तथा कार्यालयबाट स्रेस्ता पेस नभएकोले रु.१ खर्ब ४७ अर्ब ८९ करोड ७० लाखको लेखापरीक्षण गरिएको छैन।

११. **बाँकी बेरुजु** - लेखापरीक्षणबाट रू.९५ अर्ब २७ करोड ८ लाख बेरुजु औंल्याइएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपश्चात् सम्बन्धित निकायहरूले पेस गरेको प्रमाण तथा प्रतिक्रियाबाट रू.७ अर्ब १७ करोड ९७ लाख सम्परीक्षण भई देहायबमोजिम रू.८८ अर्ब ९ करोड ११ लाख बेरुजु बाँकी रहेको छः

(रू. लाखमा)

| विवरण | प्रारम्भिक प्रतिवेदन | | प्रतिक्रियाबाट सम्परीक्षण | | बाँकी बेरुजु | |
|---|---|---|---|---|---|---|
| | दफा | रकम | दफा | रकम | दफा | रकम |
| सङ्घीय सरकारी कार्यालयहरू | ४०११३ | ५६५९९४ | १५५५ | ३१११७ | ३८५५८ | ५३४८७७ |
| प्रदेश सरकारी कार्यालयहरू | २०३९५ | ५६८२४ | ८९२ | ४५३७ | १९५०३ | ५२२८७ |
| स्थानीय तह | १२०४१८ | २१४७५० | १४७५२ | २४२७३ | १०५६६६ | १९०४७७ |
| समिति र अन्य संस्था (प्रदेश समेत) | २५०४७ | ११५१४० | ८६० | ११८७० | २४१८७ | १०३२७० |
| **जम्मा** | **२०५९७३** | **९५२७०८** | **१८०५९** | **७१७९७** | **१८७९१४** | **८८०९११** |

यस वर्ष सङ्घीयतर्फ २ कार्यालय, प्रदेशतर्फ ३ र स्थानीय तहतर्फ १ समेत ६ कार्यालयको लेखापरीक्षण बक्यौता रहेको छ। यसै गरी गत विगतका बक्यौतामध्ये सङ्घीयतर्फ २ र प्रदेश तर्फ २ समेत ४ कार्यालयको बक्यौता लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणबाट कुल बेरुजु दफा सङ्ख्या १ लाख ८७ हजार ९१४ कायम भएकोमध्ये ९४ हजार ४३८ दफा सैद्धान्तिक र ९३ हजार ४७६ दफा लगती रहेका छन्।

१२. **बेरुजुको वर्गीकरण —** यो वर्ष सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजु रु.८८ अर्ब ९ करोड ११ लाख रहेको छ। सो बेरुजु अङ्कको वर्गीकरण निम्नानुसार छः

(रु.लाखमा)

| वर्गीकरण | सङ्घीय सरकारी कार्यालय | प्रदेश सरकारी कार्यालय | स्थानीय तह | समिति/ अन्य संस्था | जम्मा | कुल बेरुजुको प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. असुल गर्नुपर्ने | २६५०६७ | ५२८९ | २०१३३ | ३५९८६ | ३२६४७५ | ३७.०६ |
| २. नियमित गर्नुपर्ने | २५४४४७ | ३७५७० | १५१८९४ | ५८७७७ | ५०२६८८ | ५७.०६ |
| २.१ अनियमित भएको | २५५४० | १३२५० | ७८१७८ | २१४२७ | १३८३९५ | १५.७१ |
| २.२ प्रमाण कागज पेस नभएको | २२८९०७ | २४३२० | ७३२७६ | ३६३७९ | ३६२८८२ | ४१.१९ |
| २.३ जिम्मेवारी नसारेको | ० | ० | ० | ० | ० | ०.०० |
| २.४ शोधभर्ना नलिएको | ० | ० | ४४० | ९७१ | १४११ | ०.१६ |
| ३. पेस्की | १५३६३ | ९४२८ | १८४५० | ८५०७ | ५१७४८ | ५.८८ |
| **जम्मा बेरुजु** | **५३४८७७** | **५२२८७** | **१९०४७७** | **१०३२७०** | **८८०९११** | **१००** |

- उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।
- लगती बेरुजु बाहेक नीति तथा बजेट कार्यान्वयन स्रोतको उपयुक्त परिचालन, कार्यक्रमको उपलब्धि, प्रभावकारी सेवा प्रवाहलगायतका सैद्धान्तिक बेरुजु औंल्याइएको छ।

१३. **लेखापरीक्षण र बेरुजु अङ्क -** यो वर्ष ५ हजार ५२६ सरकारी निकाय, सङ्गठित संस्था, समिति र अन्य संस्था समेतको रु.९४ खर्ब ८४ अर्ब ५० करोड ९८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण सम्पन्न गरिएका निकाय र बेरुजु स्थिति निम्नानुसार छः

(रु. लाखमा)

| लेखापरीक्षण गरिएका निकाय र विषय | सङ्ख्या | रकम | बेरुजु | बेरुजु प्रतिशत |
|---|---|---|---|---|
| १. सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता २ समेत) | ३०५० | २९१७९५३४ | ५३४८७७ | १.८३ |
| २. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता २ समेत) | ११२४ | ३२०२९९४ | ५२२८७ | १.६३ |

| | | | | |
|---|---|---|---|---|
| ३. स्थानीय तह | ७२१ | ११०९५२३८ | १९०४७७ | १.७२ |
| ४. समिति र अन्य संस्था (प्रदेशतर्फ १३३ समेत) | ५७७ | ४४७७७२८ | १०३२७० | २.३१ |
| **जम्मा** | **५४७२** | **४७९५५४९४** | **८८०९११** | **१.८४** |
| ५. सङ्गठित संस्था | ५४ | ४६८८९६०४ | - | - |
| **कुल जम्मा** | **५५२६** | **९४८४५०९८** | **८८०९११** | |

सङ्गठित संस्था ४४ को ५४ आर्थिक वर्षको रु.४६ खर्ब ८८ अर्ब ९६ करोड ४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को अतिरिक्त ४० संस्थाको ४६ आर्थिक वर्षको लागि परामर्श दिइएकोमा परामर्श दिइएका लेखापरीक्षकले रु.१८ खर्ब ३२ अर्ब ६१ करोड ८१ लाखको लेखापरीक्षण सम्पन्न गरेका छन्। सङ्गठित संस्थाको बेरुजु सम्बन्धित सङ्गठित संस्थाको बोर्डले नै फस्योँट गर्ने भएकोले त्यस्ता संस्थाको बेरुजुको रकमगत लगत राखिएको छैन।

१४. **अद्यावधिक बेरुजु** — सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजु रु.७ खर्ब ५५ अर्ब १७ करोड २२ लाख रहेको छ। अद्यावधिक बेरुजु गत वर्ष भन्दा २.९९ प्रतिशतले बढेको छ।

(रु. लाखमा)

| विवरण | विगतको बेरुजु | समायोजनबाट थप (घट) | सम्परीक्षण | विगतको खुद बाँकी | चालु वर्षको थप बेरुजु | अद्यावधिक बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|
| सङ्घीय सरकारी कार्यालयहरू | ३७५४७२५ | (२९८०३) | ४७४४३५ | ३२५०४८७ | ५३४८७७ | ३७८५३६४ |
| प्रदेश सरकारी कार्यालयहरू | ३०४८१९ | ० | १७४१६ | २८७४०३ | ५२२८७ | ३३९६९० |
| स्थानीय तह | २०९२८९१ | ० | ७८६४२ | २०१४२४९ | १९०४७७ | २२०४७२६ |
| समिति र अन्य संस्था (प्रदेश समेत) | ११७९४७४ | ० | ६०८०२ | १११८६७२ | १०३२७० | १२२१९४२ |
| **जम्मा** | **७३३१९०९** | **(२९८०३)** | **६३१२९५** | **६६७०८११** | **८८०९११** | **७५५१७२२** |

१५. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** — सङ्घीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फको बेरुजुका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.७ खर्ब ८७ अर्ब ८६ करोड ३ लाख रहेको छ।

(रु. लाखमा)

| क.स. | विवरण | गत वर्षसम्म | यस वर्ष थप/घट | अद्यावधिक रकम |
|---|---|---|---|---|
| १ | लेखापरीक्षण बक्यौता (सङ्घ र प्रदेश) | ८७१३४ | (९१५३) | ७७९८१ |
| २ | राजस्व बक्यौता | ४७२३४९३ | २३७००९१ | ७०९३५८४ |
| ३ | शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान | ६२५११ | (३७३५३) | २५१५८ |
| ४ | शोधभर्ना लिन बाँकी वैदेशिक ऋण | १४३३०३ | १३९६७ | १५७२७० |
| ५ | जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज | ४९३७३७ | ३०८७३ | ५२४६१० |
| | **जम्मा** | **५५१०१७८** | **२३६८४२५** | **७८७८६०३** |

१६. **बेरुजु विश्लेषण** - सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थाको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

यो वर्ष सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति तथा अन्य संस्थासमेतको रु.९४ खर्ब ८४ अर्ब ५० करोड ९८ लाखको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रु.९५ अर्ब २७ करोड ८ लाख बेरुजु देखिएको छ। सोमध्ये प्रतिवेदन अवधिसम्म रु.७ अर्ब १७ करोड ९७ लाख सम्परीक्षण गराएबाट रु.८८ अर्ब

९ करोड ११ लाख बेरुजु बाँकी रहेको छ। यो वर्षसम्म फस्यौंट गर्न बाँकी अद्यावधिक बेरुजु रू.७ खर्ब ५५ अर्ब १७ करोड २२ लाख छ।

सङ्घीय सरकारी मन्त्रालय तथा निकायतर्फ यो वर्ष रकमगत बेरुजुको स्थिति निम्नानुसार छन्:

(रू. लाखमा)

| क्र.सं. | मन्त्रालय/निकाय | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | | | | कुल बेरुजुको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की बाँकी | जम्मा | | |
| १ | अर्थ | २२४४७८०८ | २०९५२४ | १६६३५० | ४५७ | ३७६३३१ | ७०.३६ | १.६८ |
| २ | भौतिक पूर्वाधार तथा यातायात | १२३९३४३ | २२०७७ | ४४०७५ | ४८८१ | ७१०३३ | १३.२८ | ५.७३ |
| ३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ४५२६१८ | ४८२१ | १०५२५ | २० | १५३६६ | २.८७ | ३.३९ |
| ४ | वन तथा वातावरण | ९६४२३ | ७४२९ | ५७६१ | २६७ | १३४५७ | २.५२ | १३.९६ |
| ५ | सञ्चार तथा सूचना प्रविधि | १७३५४३ | ११५१६ | १५९ | ३ | ११६७८ | २.१८ | ६.७३ |
| ६ | सहरी विकास | ४३७४०७ | १९९९ | ४९९६ | १०५६ | ८०५१ | १.५१ | १.८४ |
| ७ | परराष्ट्र | २२३९३२ | ३८ | ६३१२ | १०८४ | ७४३४ | १.३९ | ३.३२ |
| ८ | ऊर्जा, जलस्रोत तथा सिँचाइ | ४१६७२० | २२४६ | ४२५२ | २८ | ६५२६ | १.२२ | १.५७ |
| ९ | गृह | १२६९८९० | ५४ | १६३० | ४०८८ | ५७७२ | १.०८ | ०.४५ |
| १० | स्वास्थ्य तथा जनसङ्ख्या | ११९८२८ | १८४ | २९१४ | २१४५ | ५२४३ | ०.९८ | ४.३८ |
| ११ | अन्य | २३०२०२२ | ५१७९ | ७४७३ | १३३४ | १३९८६ | २.६१ | ०.६१ |
| | जम्मा | २९१७९५३४ | २६५०६७ | २५४४४७ | १५३६३ | ५३४८७७ | १०० | १.८३ |

- प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा १.६३ प्रतिशत बेरुजु र स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा १.७२ प्रतिशत बेरुजु कायम भएको छ।
- यो वर्षको लेखापरीक्षणबाट ५ प्रतिशतभन्दा कम बेरुजु हुने स्थानीय तह ६८१, ५ देखि १५ प्रतिशतसम्म बेरुजु हुने ३९ र १५ प्रतिशतभन्दा बढी बेरुजु हुने स्थानीय तह एक रहेका छन्।
- यो वर्ष ३ हजार ५० सङ्घीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकोमा ८९४ (२९.३१ प्रतिशत) कार्यालयमा उल्लेख्य बेरुजु देखिएन। प्रदेश सरकारी कार्यालयतर्फ १ हजार १२४ निकायको लेखापरीक्षण गरिएकोमा ३२८ कार्यालय (२९.१८ प्रतिशत) मा उल्लेख्य बेरुजु देखिएन।

१७. **बेरुजु फस्यौंट तथा सम्परीक्षण–** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ मा लेखापरीक्षणबाट औंल्याइएको बेरुजुका सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी गराई वा असुलउपर गरी फस्यौंट गर्नुपर्ने व्यवस्था छ। यसरी बेरुजु फस्यौंट भएपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनुपर्ने व्यवस्थाअनुसार सम्परीक्षण भएको बेरुजु र अद्यावधिक बेरुजुको स्थिति देहायबमोजिम छ:

(रू. लाखमा)

| विवरण | विगतको बेरुजु | समायोजनबाट थप (घट) | सम्परीक्षण | विगतको खुद बाँकी | चालु वर्षको थप बेरुजु | अद्यावधिक बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|
| सङ्घीय सरकारी कार्यालयहरू | ३७५४७२५ | (२९८०३) | ४७४४३५ | ३२५०४८७ | ५३४८७७ | ३७८५३६४ |
| प्रदेश सरकारी कार्यालयहरू | ३०४८१९ | ० | १७४१६ | २८७४०३ | ५२२८७ | ३३९६९० |
| स्थानीय तह | २०९२८९१ | ० | ७८६४२ | २०१४२४९ | १९०४७७ | २२०४७२६ |
| समिति र अन्य संस्था (प्रदेश समेत) | ११७९४७४ | ० | ६०८०२ | १११८६७२ | १०३२७० | १२२१९४२ |
| जम्मा | ७३३१९०९ | (२९८०३) | ६३१२९५ | ६६७०८११ | ८८०९११ | ७५५१७२२ |

महालेखापरीक्षकको ६२ औं वार्षिक प्रतिवेदनसम्म बाँकी रहेको कुल बेरुजु रू.७ खर्ब ३३ अर्ब १९ करोड ९ लाखमध्ये यो वर्ष समायोजन रू.२ अर्ब ९८ करोड ३ लाख, फस्यौंट तथा सम्परीक्षण रू.६३ अर्ब १२ करोड ९५ लाख भएकोमा यो वर्ष रू.८८ अर्ब ९ करोड ११ लाख थप भई अद्यावधिक बेरुजु रू.७ खर्ब ५५ अर्ब १७ करोड २२ लाख रहेको छ।

प्रदेशतर्फ

१८. **यो वर्षको बेरुजु-** प्रदेश सरकार मातहतका सरकारी कार्यालयअन्य संस्था र समितितर्फको २० ,८१।८२ को लेखापरीक्षण रकम र बेरुजु अङ्क निम्नानुसार छः

• (रु. हजारमा)

| प्रदेश | लेखापरीक्षण गरिएका कार्यालय सङ्ख्या | लेखापरीक्षण रकम | कुल बेरुजु रकम | पेस्की बाहेक बेरुजु रकम | बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|
| कोशी | २०८ | ५२३८४९७९ | ५८६६८३ | ५५५५४६ | १.१२ |
| मधेश | १५० | ४९६९३९४३ | १८७३३६१ | ९७३५८७ | ३.७७ |
| बागमती | २०९ | ८३१५६३७८ | ६९३७९४ | ४९४१६७ | ०.८३ |
| गण्डकी | १८० | ४१४५८१३२ | ५९५०१९ | ५४०३८० | १.४४ |
| लुम्बिनी | २१४ | ५७२०१४२४ | ७२६९०५ | ६३३२०६ | १.२७ |
| कर्णाली | १३७ | ३७१९८०७६ | ७७३५६२ | ७००८२३ | २.०८ |
| सुदूरपश्चिम | १५९ | ३९४९९१५५ | ६०४८८९ | ५५५९०० | १.५३ |
| **जम्मा** | **१२५७** | **३६०५९२०८७** | **५८५४२१३** | **४४५३६०९** | **१.६२** |

उपर्युक्त तालिकाअनुसार सबभन्दा बढी बेरुजु मधेश प्रदेशको ३.७७ प्रतिशत र सबैभन्दा कम बेरुजु बागमती प्रदेशको ०.८३ प्रतिशत रहेको छ।

१९. **अद्यावधिक बेरुजु-** प्रदेश सरकार मातहत सरकारी कार्यालय अन्य संस्था र समितितर्फको ,गत वर्षसम्मको बाँकी बेरुजु रु.३४ अर्ब १३ करोड ७९ लाख ५१ हजार रहेकोमा सम्परीक्षणबाट रु.१ अर्ब ८८ करोड ८३ लाख ९४ हजार फस्यौंट तथा रु६ करोड. २७ लाख ६५ हजार थप भई रु.३२ अर्ब ३१ करोड २३ लाख २२ हजार बाँकी रहेको छ। यो वर्ष रु ५ अर्ब.८५ करोड ४२ लाख १३ हजार थप भई अद्यावधिक बेरुजु रु३.८ अर्ब १६ करोड ६५ लाख ३५ हजार कायम भएको छ। सो रकममा रु ९ अर्ब.७६ करोड ७४ लाख पेस्की रहेको छ। यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छः

• (रु. हजारमा)

| प्रदेश | गत सम्मको बाँकी | सम्परीक्षण | सम्परीक्षणबाट थप | बाँकी | यो वर्षको थप | हालसम्मको बाँकी | बेरुजु बाँकी मध्ये लगती पेस्की |
|---|---|---|---|---|---|---|---|
| कोशी | ५४००५८३ | ३७३७९० | १७०६३ | ५०४३८५६ | ५८६६८३ | ५६३०५३९ | ३७७२७७२ |
| मधेश | ९२०३५५९ | ९६६५६ | ५०५ | ९१०७४०८ | १८७३३६१ | १०९८०७६९ | ४४९९८४ |
| बागमती | ४८६८९६६ | २८२२४८ | १८२ | ४५८६९०० | ६९३७९४ | ५२८०६९४ | १२०५६०६ |
| गण्डकी | २९८५१०२ | ७७१०६४ | २४८३८ | २२३८८७६ | ५९५०१९ | २८३३८९५ | २३०१३३६ |
| लुम्बिनी | ४५७५१३७ | १४७३३८ | १७५९ | ४४२९५५८ | ७२६९०५ | ५१५६४६३ | ९८४४५१ |
| कर्णाली | ४१२०५८४ | १७६४५८ | १७९१९ | ३९६२०४५ | ७७३५६२ | ४७३५६०७ | ६९७६६६ |
| सुदूरपश्चिम | २९८४०२० | ४०८४० | ४९९ | २९४३६७९ | ६०४८८९ | ३५४८५६८ | ३५५५८५ |
| **जम्मा** | **३४१३७९५१** | **१८८८३९४** | **६२७६५** | **३२३१२३२२** | **५८५४२१३** | **३८१६६५३५** | **९७६७४००** |

प्रदेश सरकारहरूको समग्र लेखापरीक्षण, कार्यसम्पादन अवस्था र बेरुजु स्थिति सहितको प्रतिवेदन प्रदेशगतरुपमा सार्वजनिक गरिएको छ।

२०. **स्थानीय तहतर्फ बेरुजु रकम —**

- आर्थिक वर्ष २०८१।८२ को ७२१ स्थानीय तहको रु.११ खर्ब ९ अर्ब ५२ करोड ३८ लाखको लेखापरीक्षणबाट रु.१९ अर्ब ४ करोड ७४ लाख बेरूजु देखिएको छ।
- सोमध्ये असुल गर्नुपर्ने रु.२ अर्ब १ करोड ३३ लाख (१०.५७ प्रतितशत), नियमित गर्नुपर्ने रु.१५ अर्ब १८ करोड ९४ लाख (७९.७४ प्रतिशत) र म्याद नाघेको पेस्की रु.१ अर्ब ८४ करोड ५० लाख (९.६९ प्रतिशत) रहेको छ।

- गत वर्षसम्मको कुल बेरूजु रु.२ खर्ब ९ अर्ब २८ करोड ९1 लाख रहेकोमा यो वर्ष सम्परीक्षणबाट रु.८ अर्ब १४ करोड ६४ लाख फर्स्यौट, समायोजन तथा सम्परीक्षणबाट रु.२८ करोड २२ लाख थप र यस वर्षको बेरुजु रु.१९ अर्ब ४ करोड ७७ लाखसमेत बाँकी रु.२ खर्ब २० अर्ब ४७ करोड २६ लाख अद्यावधिक बेरूजु रहेको छ।

२१. **लेखापरीक्षणको प्रभाव -** यो वर्षको लेखापरीक्षणको क्रममा प्रारम्भिक प्रतिवेदन पठाएपछि तथा विगतको बेरुजु सम्परीक्षण गर्दा रु.१४ अर्ब ६३ करोड २६ लाख ९९ हजार असुल भएको छ । सो मध्ये लेखापरीक्षणको क्रममा रू.५७ करोड ६९ लाख, प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.९० करोड ४८ लाखसम्परीक्षणको क्रममा रु. १३ अर्ब १५ करोड १० लाख असुल भएको छ।

(रु. हजारमा)

| क.सं | विवरण | लेखापरीक्षणको क्रममा असुली | प्रारम्भिक प्रतिवेदन पठाएपछि असुली | सम्परीक्षणको क्रममा असुली | जम्मा असुली |
|---|---|---|---|---|---|
| १ | सङ्घीय कार्यालयहरू | १९०१३१ | १७६४७७ | ११६५९५९५ | १२०२६२०३ |
| २ | प्रदेश कार्यालयहरू | ३७३५८ | ४५६४२ | १५१८८० | २३४८८० |
| ३ | स्थानीय तह | ३२१८०१ | ४७९६३७ | १०१८७४५ | १८२०१८३ |
| ४ | समिति र अन्य संस्था | २७५९८ | २०३०२५ | ३२०८१० | ५५१४३३ |
| | कुल जम्मा | ५७६८८८ | ९०४७८१ | १३१५१०३० | १४६३२६९९ |

२२. **लेखापरीक्षणको दृष्टिमा वित्तीय उत्तरदायित्व**

यो वर्ष कार्यालयको लेखापरीक्षणबाट देखिएका समग्र बेहोराहरुका अनुसार लेखापरीक्षणको दृष्टिमा उत्तरदायित्वको सम्बन्धमा शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, विकास व्यवस्थापन, सूचना प्रविधि, सार्वजनिक प्रशासन र सुशासन गरी ८ समूहमा राखी विश्लेषण गरिएको छ । सो अनुसार भविष्यमा गर्नु पर्ने सुधारका विषयहरू ६३ औं वार्षिक प्रतिवेदनमा सुझाइएको छ ।

**मिति २०८३।२।१ शुक्रबार ३:०० बजे**